# विद्यालय अध्ययन सहयोग प्रणालीको बारेमा जानकारी （शैक्षिक सत्र 2025）

योकोहामा नगर शिक्षा समिति

योकोहामा नगरमा, आफ्नो बालबच्चालाई योकोहामा नगरपालिकाद्वारा संचालित प्राथमिक तथा निम्न माध्यामिक विद्यालयमा पढाउन **आर्थिक कारणबाट समस्यामा परेका व्यक्तिलाई** लक्षित गरी शैक्षिक सामाग्रीको खर्च, शैक्षिक भ्रमण खर्च, दिवा खाजाको खर्च आदि सहयोग गरी, बालबच्चाको अध्ययनलाई प्रोत्साहन गर्ने प्रणाली छ।

सहयोग रकम प्राप्त गर्न इच्छुक व्यक्तिले, देहायका कुराहरू राम्रोसँग पढी, निवेदन फारामलाई तपाईको बालबच्चा पढ्ने विद्यालयमा पेश गर्नुहोस्।

## 1 सहयोग पाउन योग्य व्यक्तिहरू

| निवेदनका कारणहरु | |
|---|---|
| ① **सामाजिक सुरक्षा भत्ता लिइरहेको व्यक्ति** | (शैक्षिक भ्रमण आयोजना भएको कक्षा वा शैक्षिक अनुदान रकम हाल सम्म प्राप्त नगरेका व्यक्तिलाई मात्र) |
| ② **2024 अप्रिल पश्चात्, सामाजिक सुरक्षा भत्ता नपाएको व्यक्ति** | (परिवार परिवर्तन भएको कारणबाट रद्द भएको बाहेक) |
| ③ **बालबालिका पालनपोषण भत्ता लिइरहेको व्यक्ति** | (बालबालिका भत्ता, विशेष बालबालिका पालनपोषण भत्ता भन्दा फरक छ) अनि, प्राप्त गर्न सुरु गरेको समय शैक्षिक सत्रको बीचबाट भए, स्वीकृतिको अवधि फरक हुने छ। |
| ④ **अन्य आर्थिक रुपमा समस्यामा परेको व्यक्ति** | (मापदण्ड भन्दा कम आय भएको व्यक्ति। आयको जाँचबुझ गरिने छ। विस्तृत विवरणको लागि पृष्ठ 2 हेर्नुहोस्। |

## 2 सहयोग खर्च शीर्षक र सम्भावित भुक्तानी रकम (वार्षिक रकम) ※ तलको रकम अन्दाजी रकम मात्र हो। वास्तविक भुक्तानी रकम भन्दा फरक हुन पनि सक्छ।

| खर्च शीर्षक | | भर्ना तयारी खर्च ＊1 | शैक्षिक सामाग्री खर्च आदि ＊2 | बास बस्नु पर्ने विद्यालय बाहिरको गतिविधि खर्च ＊3 | शैक्षिक भ्रमण खर्च | क्लब गतिविधि खर्च ＊4 | दीक्षान्त फोटो एल्बम शुल्क | विद्यालय दिवा खाजा खर्च ＊5 | विद्यालय रोग चिकित्सा खर्च ＊6 | जापान स्पोर्टस काउन्सिल अभिभावकले व्यहोर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक विद्यालय | कक्षा 1 | 64,300 येन ※प्राथमिक विद्यालयमा भर्ना हुनु भन्दा पहिला प्राप्त नगरेको भए मात्र | 16,680 येन (1 सेमेष्टर 5,560 येन) | सहयोग पाउने वास्तविक खर्च (बढीमा 3,690 येन) | सहयोग पाउने वास्तविक खर्च ※ 6 वर्षको अवधिमा 1 पटक मात्र | सहयोग पाउने वास्तविक खर्च (बढीमा 2,760 येन) | — | खाना | वास्तविक खर्च ※ निवेदनको आधारमा प्रत्येक विद्यालयले चिकित्सा कुपन जारी गरिने | सामान्यतया, प्रारम्भिक, निवेदनको अवधि भित्र निवेदन पेश गर्नुहोला। यदि स्वीकृत भएमा, तिर्नु पर्ने रकम मिनाहा हुनेछ। |
| | कक्षा 2～5 | — | 18,950 येन (1सेमेष्टर 6,316येन) | | | | | | | |
| | कक्षा 6 | 81,000 येन (खरिद कुपन जारी भएको समेत) | | | | | 11,000 येन | | | |
| | शैक्षिक अनुदान रकम प्राप्तकर्ता | — | — | — | | — | | — | | |
| निमाबि | कक्षा 1 | 81,000 येन ※प्राथमिक विद्यालयको कक्षा 6 मा प्राप्त नगरेको भए मात्र | 30,200 येन (1सेमेष्टर 10,064 येन) | सहयोग पाउने वास्तविक खर्च (बढीमा 6,210 येन) | सहयोग पाउने वास्तविक खर्च ※3 वर्ष भित्र 1 पटक मात्र (विदेशमा भए, बढीमा 60,910 येन) | 30,150 येन (1 सेमेष्टर 10,048 येन) | — | खाना | | |
| | कक्षा 2 | — | 32,470 येन (1 सेमेष्टर 10,820 येन) | | | 20,100येन (1 सेमेष्टर 6,700 येन) | | | | |
| | कक्षा 3 | | | | | 10,050 येन (1 सेमेष्टर 3,348 येन) | 8,800 येन | | | |
| | शैक्षिक अनुदान रकम प्राप्तकर्ता | — | — | — | | — | | — | | |

＊1 "विद्यालय भर्ना तयारी खर्च" अप्रिल महिनाबाट पाउने भनि स्वीकृत भएका प्राथमिक विद्यालय कक्षा 1 र निम्न माध्यामिक विद्यालय पहिलो वर्षको विद्यार्थीले मात्र प्राप्त गर्न सकिन्छ।
प्राथमिक विद्यालयमा भर्ना हुनु अघि नै, प्राथमिक विद्यालयको "विद्यालय भर्ना तयारी खर्च" प्राप्त गरिसकेका व्यक्ति, तथा प्राथमिक विद्यालयको कक्षा 6 मा हुँदा नै, निम्न माध्यामिक विद्यालयको "विद्यालय भर्ना तयारी खर्च" प्राप्त गरिसकेका व्यक्तिलाई विद्यालय भर्ना तयारी खर्च प्रदान गरिने छैन। **प्राथमिक विद्यालयको विद्यालय भर्ना तयारी खर्चको निवेदन स्वीकृत भएका व्यक्ति मध्ये कोहीलाई, विद्यालय भर्ना तयारी खर्च बाहेकको खर्च पनि आवश्यक पर्ने भएमा, यस पटकको विद्यालय अध्ययन सहयोगको लागि फेरी निवेदन दिनुहोस्। यद्यपि, कहिलेकाहीँ स्वीकृत नहुन पनि सक्छ।**

＊2 "शैक्षिक सामाग्री खर्च आदि" अन्तर्गत, बास बस्नु पर्ने विद्यालय बाहिरको गतिविधि, विद्यालय आउजाउको लागि आवश्यक सामाग्री (विद्यालय भर्ना तयारी खर्च प्राप्त गरेको व्यक्ति बाहेक), PTA सदस्य शुल्क, बिद्यार्थी संघ सदस्य शुल्क समावेश छ। शैक्षिक सत्रको बीचमा अन्यत्रको विद्यालयबाट स्थानान्तरण भएर आएको जस्ता कारणबाट, सहयोग रकम प्राप्त गर्ने अवधि, एक वर्ष भन्दा कमको अवस्थामा, सोही अनुसार घटाएर रकम प्रदान गरिने छ।

＊3 "बास बस्नु पर्ने विद्यालय बाहिरको गतिविधि खर्च" मा, यातायात खर्च, अवलोकन शुल्क आदि मध्ये अभिभावकले वास्तविक रुपमा व्यहोरेको रकमलाई अधिकतम सीमा रकम सम्म प्रदान गरिने छ।

＊4 प्राथमिक विद्यालयको "क्लब गतिविधि खर्च" मा, विद्यालयले संकलन गर्ने सामाग्री खर्च आदिको रकम पनि पाउने छ।

＊5 "विद्यालय दिवा खाजा खर्च" मा, दिवा खाजा बन्द भएको अवधि (गर्मी बिदा, दिवा खाजा तयार गर्ने कोठा मर्मत-सम्भारको कारणबाट) को रकम प्रदान गरिने छैन।
प्राथमिक / निम्न माध्यामिक विद्यालयको "विद्यालय दिवा खाजा खर्च", विद्यालय अध्ययन सहयोग रकम पाउने भनि स्वीकृत भए पछि, निःशुल्क रुपमा उपलब्ध गराइने छ। विस्तृत जानकारीको लागि, " 8 विद्यालय दिवा खाजा खर्चको बारेमा" वा " 9 निम्न माध्यामिक विद्यालयको दिवा खाजा खर्चको बारेमा" हेर्नुहोस्।

＊6 "विद्यालय रोग चिकित्सा खर्च" अन्तर्गतको विद्यालय रोग भन्नाले (खस्रे रोग (ट्रकोमा रोग), आँखा पाक्ने, कत्ले रोग (सोरायसिस), लुतो (स्केबिस), दाद (इम्पेटिगो), कान पाक्ने, क्रोनिक पिनास (साइनसाइटिस), एडेनोइड्स, दाँत किराले खाएको, परजीवी रोगहरू) को उपचारको लागि, प्रत्येक विद्यालयले जारी गर्ने चिकित्सा कुपन आवश्यक छ। अग्रिम रुपमा, विद्यालयमा सम्पर्क गर्नुहोस्।

※ विद्यालय अध्ययन सहयोग रकम, बैंक रकमान्तरबाट प्राप्त गर्ने बेलामा, रकमान्तर गर्ने बैंकको खाता नम्बर आदि गलत जानकारी विद्यालयमा पेश गरेको कारणबाट, सही खातामा रकमान्तर गर्ने बेलाको, बैंकमा रकमान्तर फिर्ता, सच्याउने, पुनः रकमान्तर आदिमा लाग्ने शुल्क व्यहोर्न लगाउन पनि सकिन्छ त्यस कारण सावधानी अपनाउनुहोस्।

※ विद्यालयलाई तिर्नु पर्ने रकम आदि बक्यौता भएको बेलामा, सहयोग रकमबाट कट्टा गर्ने (बक्यौता रकम असुल) गर्न पनि सक्छ।

# 3 निवेदन तरिका

विद्यालय अध्ययन सहयोग प्राप्त गर्न चाहने व्यक्तिले, "11 को निवेदन फाराम भर्ने तरिका तथा ध्यान दिनु पर्ने कुराहरू" हेरी, "शैक्षिक सत्र 2025 को विद्यालय अध्ययन सहयोग रकम निवेदन फाराम" मा आवश्यक विवरण भरी, आवश्यकता अनुसारको, कागजातहरु संलग्न गरी, पेश गर्नुहोस।

निवेदन फाराम आफूसँग नभएको खण्डमा, विद्यालयमा सम्पर्क गर्नुहोस्।

| | | |
|---|---|---|
| पेश गर्ने स्थान | बच्चा पढ्ने विद्यालयको नाम | इन्चार्ज : प्रत्येक विद्यालयको विद्यालय प्रशासन कर्मचारी |
| निवेदन अवधि | प्रारम्भिक निवेदन | अप्रिल विस्तृत विवरणको लागि विद्यालयले पठाएको सूचना हेर्नुहोस्। |
| | थप निवेदन | जुलाई बाट अर्को वर्षको फेब्रुअरी अन्त सम्म |

＊ 2 जना भन्दा बढि बच्चा भएको व्यक्तिले, 1 जना बच्चाको लागि एउटा फाराम पेश गर्नुहोस्।

＊ निरन्तर रुपमा सहयोग रकम प्राप्त गर्ने इच्छा भएमा, हरेक वर्ष निवेदन दिनु आवश्यक छ।

## 4 "④ अन्य आर्थिक रुपमा समस्यामा परेको व्यक्ति" को आयको मापदण्ड

2024 सालको परिवार सबैको आय देहायको आय मापदण्ड रकम भन्दा कम भएको व्यक्ति। यद्यपि, परिवारको अवस्था आदि अनुसार आयबाट कटौती हुने रकम पनि छन्।
(परिवारको बारेमा, पृष्ठ 5 "11 निवेदन फाराम भर्ने तरिका तथा ध्यान दिनु पर्ने कुराहरु" ＊3 हेर्नुहोस्।)

| परिवार संख्या | 2 जना | 3 जना | 4 जना | 5 जना | 6 जना | 7 जना | 8 जना | 9 जना | 10 जना |
|---|---|---|---|---|---|---|---|---|---|
| आय मापदण्ड रकम | **25** लाख येन | **30** लाख **30** हजार येन | **34** लाख **40** हजार येन | **39** लाख **60** हजार येन | **44** लाख **20** हजार येन | **50** लाख येन | **54** लाख **80** हजार येन | **59** लाख **80** हजार येन | **62** लाख **80** हजार येन |

- आय भनेको, कर (कर मिनाहा) प्रमाणपत्रको "कूल आय रकम" मा उल्लेखित रकम हो।
  पारिश्रमिक आय भएको व्यक्तिले अग्रिम कर कट्टी स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) को "पारिश्रमिक आयबाट कटौती गर्न मिल्ने रकम कट्टा गरे पश्चातको रकम" महल, व्यावसयिक आय भएको व्यक्तिको हकमा, स्व-कर घोषणा-पत्र (खाकुतेइ सिनकोकु-स्यो) को "आय रकम आदिको कूल जम्मा रकम" महलको रकम लाई जनाउँछ।
- परिवार सदस्य सबैको आय, मापदण्ड भित्र पर्छ कि पर्दैन भनि अलमलमा परेमा, निवेदन दिएर हेर्नुहोस्।
- <u>आयबाट कटौती हुने रकमको बारेमा</u>
  देहायको बुँदामा पर्ने व्यक्ति / परिवार भए, आयबाट कटौती गरेर आएको रकमको आधारमा छानबिन गरिने छ।

| | सर्त | कटौती रकम |
|---|---|---|
| A | पारिश्रमिक आय, आधिकारिक पेन्सन आदिको आय मध्ये कुनै एक वा दुबै आय भएको व्यक्ति | हरेक 1 जनाको आयबाट अधिकतम 1 लाख येन (आय 1 लाख येन भन्दा कम भएमा, सो रकम हुने) |
| B | एकल अभिभावक परिवार वा बुबा-आमा बाहेक अन्य व्यक्तिले बालबालिका पालन पोषण गरिरहेको परिवार | परिवारको आय रकमबाट 3 लाख 50 हजार येन |
| C | आय हुने व्यक्ति एक भन्दा बढी भएको परिवार | प्रमुख आय हुने व्यक्ति बाहेक अन्य आय हुने हरेक 1 जनाबाट अधिकतम 3 लाख 50 हजार येन (आय 3 लाख 50 हजार येन भन्दा कम भएमा, सो रकम हुने) |
| D | व्यक्तिगत सहायता कक्षा वा विशेष सहायता कक्षामा पढ्ने विद्यार्थी भएको परिवार | लक्षित व्यक्ति हरेक 1 जनालाई 3 लाख 50 हजार येन |
| E | अपाङ्ग व्यक्ति (अपाङ्ग ह्याण्डबुक, चिकित्सा शिक्षा ह्याण्डबुक (आइ-नो तेच्योउ) आदि भएको व्यक्ति) | लक्षित व्यक्ति हरेक 1 जनालाई 3 लाख 50 हजार येन (D मा परेको बाहेक) |
| F | चिकित्सा उपचार खर्च कटौती हुने परिवार | परिवारको आय रकमबाट चिकित्सा उपचार कटौती गरेको रकम बराबर |

[उदाहरण] बुबा (पारिश्रमिक आय 30 लाख येन) आमा (पारिश्रमिक आय 17 लाख येन), हजुर-आमा (आय 0 येन) दाजु (व्यक्तिगत सहायता कक्षाको विद्यार्थी) र विद्यार्थी स्वयम समेत गरी 5 जनाको परिवार भई, चिकित्सा उपचार कटौती रकम 1 लाख 20 हजार भएको परिवार भए, कूल आम्दानी 47 लाख येन हुने भएकोले, आय मापदण्ड रकमको 39 लाख 60 हजार येन भन्दा बढी छ।

⇓

कटौती रकम, सर्त A : (बुबा) 1 लाख येन＋सर्त A : (आमा) 1 लाख येन＋सर्त C : 3 लाख 50 हजार येन＋सर्त D : 3 लाख 50 हजार येन＋सर्त F : 1 लाख 20 हजार येन गरी कूल जम्मा रकम 10 लाख 20 हजार येन हुन्छ। यो रकम परिवारको कूल आय रकमबाट कटौती हुने भएकोले, (47 लाख येन - 10 लाख 20 हजार=) 36 लाख 80 हजार येन, यो परिवारको आय मापदण्ड हुने भएकोले, विद्यालय अध्ययन सहयोग रकम पाउन योग्य व्यक्तिमा पर्छ।

- <u>**अग्रिम कर कट्टी स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) बाट, आय रकम चेक गर्ने**</u>

2024 **सालको पारिश्रमिक आयको गेनसेन च्योउस्यू-ह्योउ**

| पाउने व्यक्ति | बसोबास स्थान ठेगाना वा | योकोहामा-सी ○○ कु ○○<br>1 च्योउमे 2 बान 3 गोउ | नाम | |
|---|---|---|---|---|

| किसिम | तिरेको रकम | पारिश्रमिक आय कटौती पश्चातको रकम | पारिश्रमिक आय कटौतीको कूल रकम | अग्रिम कर कटौती रकम |
|---|---|---|---|---|
| पारिश्रमिक | मध्ये येन<br>3,372,235 | येन<br>2,280,400 | येन<br>1,140,298 | येन<br>53,000 |

आम्दानी, पारिश्रमिक आय मात्र भएको बेलामा, यो रकमबाट अधिकतम 1 लाख येन कटौती गरी छानबिन गरिने छ।
※ कार्यरत कम्पनी एक भन्दा बढि भएको वा वर्षको अन्तमा गरिने कर मिलान नगरेको आदि नगरेको अवस्थामा यो रकमबाट नभइकन पालिका कार्यालले निर्धारण गरेको आय रकमबाट जाँचबुझ गरिने छ।

- <u>**2025 सालको आयको आधारमा छानबिन**</u>
  परिवारको आर्थिक अवस्था अचानक नाजुक भएको कारणबाट 2025 सालको आयको आधारमा, विद्यालय अध्ययन सहयोगको लागि छानबिन गराउन इच्छुक व्यक्तिले, 2026 साल जनवरी देखि फेब्रुअरीको मसान्त सम्ममा, 2025 सालको अग्रिम कर कट्टी स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) वा स्व-कर घोषणा-पत्र (खाकुतेइ-सिन्कोकु-स्यो) संलग्न गरी निवेदन दिन सक्नुहुन्छ। स्वीकृत भएको खण्डमा, आर्थिक वर्षको सुरुबाट परिवार सदस्यमा कुनै हेरफेर नभएमा, 2025 साल अप्रिल महिनाबाट विद्यालय अध्ययन सहयोग रकम प्रदान गरिने छ।

## 5 आय आदिको जाँचबुझमा सहमति

तलको [सर्त] मध्ये कुनै एकमा परेको व्यक्तिले, शिक्षा समितिले गर्ने आयको जाँचबुझमा सहमति दिने व्यक्तिले, प्रमाणपत्रहरू संलग्न गर्नु आवश्यक छैन।

| | |
|---|---|
| कागजात संलग्न गर्नु अनावश्यक [सर्त] | ● 2025 साल जनवरी 1 तारिख हाल, योकोहामा नगरपालिकामा निवासी दर्ता (ज्यूमिन तोउरोकु) भइरहेको, निवासी दर्ता प्रमाणपत्र (ज्यूमिनह्योउ) मा उल्लेखित नामबाट कर घोषणा गरिरहेको, वा ज्यूमिनह्योउको विवरणबाट योकोहामा नगरपालिकासँग भएको करको जानकारी प्राप्त गर्न सक्ने<br>● योकोहामा नगरपालिकाबाट बालबालिका पालनपोषण भत्ता लिइरहेको (वा प्राप्तिको लागि निवेदन दिएको) |

बायाँ पट्टीको कुनै पनि बुँदामा नपर्ने व्यक्ति "6-2 संलग्न गर्ने कागजातका बारेमा" पढ्नुहोस्.

"आयको जाँचबुझ" भनेको?

अघिल्लो आर्थिक वर्षमा, 18 वर्ष वा सो भन्दा माथि (2006 साल अप्रिल 1 तारिख भित्र जन्मेका व्यक्ति) को परिवार सदस्यको बारेमा, हरेक व्यक्ति स्वयमले दिएको सहमतिको आधारमा, बालबालिका पालनपोषण भत्ता लिइरहेको अवस्था, या कर प्रमाणपत्रको विवरणलाई शिक्षा समितिले जाँचबुझ गरिने छ। यद्यपि, 【सर्त】 भित्र नपर्ने व्यक्तिको हकमा, छानबिन गर्न नसक्ने भएकोले, सहमति जनाउनु आवश्यक छैन।

## ≪सहमति जनाउने बेलाको निवेदन फाराम भर्ने तरिका≫

निवेदक (अभिभावक) ले, निवेदन फारामको नाम लेख्ने महलमा, नाम लेखी सहीछाप राख्नुहोस्।
परिवार सदस्यहरुले, नाम लेख्ने महलको दायाँ पट्टी भएको सहमति महलमा सहीछाप वा हस्ताक्षर गर्नुहोस्।

# 6 पेश गर्नु पर्ने कागजात

6-1 पेश गर्नु पर्ने कागजातको बारेमा

| निवेदनका कारणहरु (पृष्ठ 1 हेर्नुहोस्) | पेश गर्नु पर्ने कागजात |
|---|---|
| ① **सामाजिक सुरक्षा भत्ता लिइरहेको व्यक्ति** | निवेदन फाराम मात्र पेश गरेर निवेदन दिन सकिन्छ। |
| ② **2024 साल अप्रिल पश्चात,<br>सामाजिक सुरक्षा भत्ता नपाएको व्यक्ति** | निवेदन फाराम मात्र पेश गरेर निवेदन दिन सकिन्छ। |
| ③ **बालबालिका पालनपोषण भत्ता लिइरहेको व्यक्ति** | साधारणतया, निवेदन फाराम मात्र पेश गरेर निवेदन दिन सकिन्छ।<br>6-2 पढ्नुहोस्। आवश्यकता अनुसारको कागजात संलग्न गर्नुहोस्।<br>(※सम्बन्धित विद्यार्थीको बालबालिका पालन पोषण भत्ता प्राप्तकर्ता नै निवेदक भएर निवेदन दिनुहोस्।) |
| ④ **अन्य आर्थिक रुपमा समस्यामा परेको व्यक्ति** | साधारणतया, निवेदन फाराम मात्र पेश गरेर निवेदन दिन सकिन्छ।<br>6-2 पढ्नुहोस्। आवश्यकता अनुसारको कागजात संलग्न गर्नुहोस्। |

- आय आदि जाँचबुझ गर्न सहमति दिएता पनि, करको जानकारीबाट आय कति छ भनि थाहा पाउन नसकेको अवस्थामा, पछि कागजात पेश गर्न अनुरोध गर्न पनि सक्छ।
- निवेदनका कारणहरुको ④ को कारणबाट निवेदन दिने व्यक्ति मध्ये, **यस वर्षमा प्रवेश गरे पछि, सम्बन्ध बिच्छेद गरेको वा मृत्यु भएको कारणबाट परिवारको बनावट परिवर्तन भएको व्यक्ति**सँग अवस्थाको बारेमा सोधपुछ वा थप कागजात पेश गर्न अनुरोध गर्न पनि सक्छ। साथै, भुक्तानी दिने समय ढिला हुन पनि सक्छ।
- नवेदनका कारणहरूको ④ को कारणबाट निवेदन दिने व्यक्ति मध्ये, 2025सालको आयको आधारमा, निवेदन दिन चाहेको खण्डमा, सहमित दिएता पिन आय जाँचबुझ गर्न  नसक्ने भएकोले, "6-2 को संलग्न गर्ने कागजातको बारेमा" पढी, आवश्यक कागजात संलग्न गरी निवेदन दिनुहोस्।

## 6-2 संलग्न गर्ने कागजातको बारेमा

देहायका सर्तमा परेको व्यक्तिले कागजात संलग्न गर्नु पर्ने हुन्छ।

◆निवेदनका कारणहरु ③ बालबालिका पालनपोषण भत्ता लिइरहेको व्यक्ति

| लागू हुने व्यक्ति | आवश्यक कागजात |
|---|---|
| आय आदि जाँचबुझमा सहमति नदिने व्यक्ति<br>वा<br>सम्बन्धित विद्यार्थीको बालबालिका पालन पोषण भत्ता प्राप्तकर्ता निवेदक नभएको बेलामा | · बालबालिका पालनपोषण भत्ता प्रमाणपत्रको फोटोकपी (म्याद बाँकी भएको पत्र, सक्कल पेश गर्न नमिल्ने) |

◆ निवेदनका कारणहरु ④ अन्य आर्थिक रुपमा समस्यामा परेको व्यक्ति

<table>
<tr><th>लागू हुने व्यक्ति</th><th colspan="2">आवश्यक कागजात (सक्कल वा फोटोकपी संलग्न गर्नुहोस्)</th></tr>
<tr><td rowspan="2">आय आदि जाँचबुझमा सहमति नदिने व्यक्ति<br>वा<br>5 को【सर्त】मा नपर्ने व्यक्ति</td><td>प्रारम्भिक निवेदन (अप्रिल)</td><td>देहायका मध्ये कुनै एक कागजात<br>・ 2024 सालको अग्रिम कर कटौती स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) (वर्षको अन्तमा कर मिलान भइसकेको)<br>・ 2024 सालको स्व-कर घोषणा-पत्र (खाकुतेइ सिन्कोकु-स्यो) को कपी, 1, 2 नम्बरको पेज, (e-Tax बाट गरेको भए, स्व-घोषणा विवरण रुजु फाराम)<br>(कर कार्यालय आदिमा बुझाएको कागजातको प्रतिलिपि)</td></tr>
<tr><td>थप निवेदन (जुलाई पश्चात)</td><td>देहायका मध्ये कुनै एक कागजात (कागजात जून महिना पछि जारी हुन्छ।)<br>・ आर्थिक वर्ष 2025 को नगरपालिका कर (सिमिन-जेइ)/ प्रिफेक्चर कर (केनमिन-जेइ) / बन-जङ्गल तथा वातावरण कर (कर छुट (हिखाजेइ) प्रमाणपत्र, संक्षिप्त नगरेको)<br>・ आर्थिक वर्ष 2025 नगरपालिका कर (सिमिन-जेइ)/ प्रिफेक्चर कर (केनमिन-जेइ) / बन-जङ्गल तथा वातावरण कर विशेष संकलन कर रकम सूचना-पत्र<br>・ आर्थिक वर्ष 2025 नगरपालिका कर (सिमिन-जेइ)/ प्रिफेक्चर कर (केनमिन-जेइ)  / बन-जङ्गल तथा वातावरण करको कर रकम निर्धारण तथा कर दाखिला सूचना-पत्र</td></tr>
<tr><td>2025 सालको आय प्रमाणपत्र पेश गर्ने व्यक्ति</td><td colspan="2">2025 सालको अग्रिम कर कटौती स्लिप अर्थात गेनसेन च्योउस्यू-ह्योउ (वर्षको अन्त्यमा कर समायोजन गरिएको कागजात) वा कर कार्यालयमा बुझाएको स्व-कर घोषणा-पत्र (खाकुतेइ सिन्कोकु-स्यो) को कपी, 1, 2 नम्बरको पेज, (e-Tax बाट गरेको भए, स्व-घोषणा विवरण रुजु फाराम)</td></tr>
</table>

(नोट) अग्रिम कर कटौती स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) को बारेमा, तपाईको अन्य स्रोतबाट आय भएको बेला वा, लागू हुने वर्षमा जागिर खाएको वा जागिर छोडेको भए, प्रयोग गर्न मिल्दैन।

(नोट) परिवारको आश्रित व्यक्तिमा नपरेका अघिल्लो आर्थिक वर्षमा, 18 वर्ष वा सो भन्दा माथि (2006 साल अप्रिल 1 तारिख भित्र जन्मेका व्यक्ति) का सबै जनाको प्रमाण आवश्यक छ।

(नोट) संलग्न गरेका कागजातको बारेका कुराहरूको सोधपुछ वा थप कागज पेश गर्न लगाउन पनि सक्छ।

## 7 नतिजाको सूचना र सम्भावित भुक्तानी अवधि

छानबिनको नतिजा (स्वीकृत / अस्वीकृत आदि) विद्यालय मार्फत सूचना दिइने छ। प्रारम्भिक निवेदन दिएका व्यक्तिलाई जुलाईको अन्त तिर सूचना दिइने योजना छ। कागजात नपुगेका व्यक्ति तथा स्वीकृत नभएका व्यक्तिलाई पनि छानबिनको नतिजा दिइने छ।

विद्यालय अध्ययन सहयोग रकम, **विद्यालय मार्फत भुक्तानी दिइने भएकोले, भुक्तानी हुने समयावधि आदिको विस्तृत विवरण विद्यालयबाट सूचना दिइने छ।**

<table>
<tr><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">विद्यालय भर्ना तयारी खर्च</th><th rowspan="2">शैक्षिक सामाग्री खर्च आदि</th><th rowspan="2">बास बस्नु पर्ने विद्यालय बाहिरको गतिविधि</th><th rowspan="2">शैक्षिक भ्रमण खर्च</th><th colspan="2">क्लब गतिविधि खर्च</th><th rowspan="2">दीक्षान्त फोटो एल्बम शुल्क आदि</th><th rowspan="2">विद्यालय दिवा खाजा खर्च</th></tr>
<tr><th>प्रावि</th><th>निमावि</th></tr>
<tr><td>पहिलो सेमेष्टर<br>(अप्रिल～जुलाई)<br>जुलाईको अन्त तिर भुक्तानी</td><td>○ (एकमुष्ठ)<br>(प्रावि 1・निमावि 1 मात्र)</td><td>○</td><td colspan="2" rowspan="3">कार्यक्रम कार्यान्वयन पछि भुक्तानी<br>(कार्यक्रम कार्यान्वयन भएको केही महिना पछि)</td><td>—</td><td>○</td><td>—</td><td rowspan="3">सम्पूर्ण रकम सोधभर्ना</td></tr>
<tr><td>दोस्रो सेमेष्टर<br>(अगष्ट～नोभेम्बर)<br>नोभेम्बरको अन्त तिर भुक्तानी</td><td>○<br>(प्रावि 6 मात्र)</td><td>○</td><td>—</td><td>○</td><td>—</td></tr>
<tr><td>तेस्रो सेमेष्टर<br>(डिसेम्बर～मार्च)<br>मार्चको बीच तिर भुक्तानी</td><td>—</td><td>○<br>(खुद्रा पैसालाई मिलान गर्न सकिने)</td><td>○<br>(वार्षिक रकम)</td><td>○<br>(खुद्रा पैसा समायोजन गर्न सकिने)</td><td>○<br>(प्रावि 6・निमावि 3 लाई मात्र)</td></tr>
</table>

＊ प्रत्येक खर्च शीर्षकको सम्भावित भुक्तानी अवधि, तालिकामा देखाइए अनुसार हुन्छ। यद्यपि, केही अगाडि वा पछाडि हुन पनि सक्छ।

＊ कागजात पेश गरेको समयको आधारबाट, दोस्रो सेमेष्टर पछि एकमुष्ट भुक्तानी हुन पनि सक्छ।

＊ प्राथमिक विद्यालयको कक्षा 6 को विद्यार्थीलाई दिइने निम्न माध्यामिक विद्यालयमा भर्ना हुन तयारी खर्चको खरिद कुपन (युनिफोर्म आदि खरिदको बेलामा प्रयोग), 2026 सालको जनवरी महिना तिर वितरण गर्ने योजना छ।

＊ निम्न माध्यामिक विद्यालयको "विद्यालय दिवा खाजा" को बारेको विस्तृत विवरण, "9 निम्न माध्यामिक विद्यालय दिवा खाजा खर्चको बारेमा" हेर्नुहोस्।

## 8　प्राथमिक विद्यालयको दिवा खाजा खर्चको बारेमा

### 8-1　विद्यालय अध्ययन सहयोग रकमको लागि निवेदन दिएकाहरुको प्राथमिक विद्यालयको दिवा खाजा खर्च

◆ गत आर्थिक वर्षको अन्त (आर्थिक वर्ष 2024 को अन्त) सम्म विद्यालय अध्ययन सहयोग पाउन योग्य व्यक्ति
छानबिनको नतिजा नआए सम्म तिर्नु आवश्यक छैन।
तिर्नु आवश्यक नभएको व्यक्तिले पनि, विद्यालयलाई जानकारी दिएर, दिवा खाजा खर्च तिर्न पनि सक्नु हुन्छ।

◆ यस आर्थिक वर्ष (आर्थिक वर्ष 2025) पहिलो पटक निवेदन दिने व्यक्ति तथा गत आर्थिक वर्षको अन्त (आर्थिक वर्ष 2024 को अन्त) को समयमा, विद्यालय अध्ययन सहयोग पाउन योग्यमा नपरेका व्यक्तिले, छानबिनको नतिजा नआए सम्म, निरन्तर रुपमा दिवा खाजा तिर्नु हुन अनुरोध छ।
स्वीकृत भएको अवस्थामा, तिरि सकेको प्राथमिक विद्यालयको खाजा खर्च फिर्ता दिइने छ।

◆ नयाँ कक्षा 1 का विद्यार्थी
आर्थिक वर्ष 2024 मा प्राथमिक विद्यालयमा दाजुभाइ, दिदी-बहिनी अध्ययन गरिरहेको र आर्थिक वर्ष 2024 को अन्त सम्म विद्यालय अध्ययन सहयोग रकम पाउँदै आएको भए, छानबिनको नतिजा आउनु अगाडि सम्म तिर्नु आवश्यक छैन।

### 8-2　छानबिन पश्चातको प्राथमिक विद्यालको दिवा खाजा खर्च

[स्वीकृत भएका व्यक्ति]　तिर्नु आवश्यक छैन
तिरिसकेको प्राथमिक विद्यालय दिवा खाजा खर्च फिर्ता दिने समयावधि (शैक्षिक सामाग्री खर्चको भुक्तानी गर्ने समयावधि र प्राथमिक विद्यालयको दिवा खाजा खर्च फिर्ता गर्ने समयावधि फरक हुने छ।

| छानबिन नतिजाको सूचना पठाउने | भुक्तानी गरेको सूचना पठाउने | फिर्ता गर्ने रकम | खातामा रकमान्तर हुने सम्भावित महिना |
|---|---|---|---|
| जुलाईको अन्त तिर | सेप्टेम्बरको बीच तिर | तिरेको रकम | सेप्टेम्बरको अन्त तिर |
| सेप्टेम्बरको बीच देखि अक्टोवरको बीच तिर | डिसेम्बरको बीच तिर | तिरेको रकम | डिसेम्बरको अन्त तिर |
| नोभेम्बरको बीच देखि मार्चको बीच तिर | अप्रिलको बीच तिर | तिरेको रकम | मे को सुरु तिर |

[स्वीकृत नभएका व्यक्ति]　तलको तालिका बमोजिम, एकमुष्ट तिर्न लगाउने छ। (रकम अन्दाजी हो।)

| छानबिन नतिजाको सूचना पठाउने | भुक्तानी गरेको सूचना पठाउने | तिर्नु पर्ने रकम (विवरण) | खाताबाट स्वतः रकम निकालिने दिन |
|---|---|---|---|
| जुलाईको अन्त तिर | अगष्टको बीच तिर | 18,400 येन (मे देखि अगष्ट) | अगस्त 29 तारिख |
| सेप्टेम्बरको बीच सम्ममा | अक्टोबरको बीच तिर | 27,600 येन (मे देखि अक्टोबर) | अक्टोबर 29 तारिख |
| अक्टोबरको बीच सम्ममा | नोभेम्बरको बीच तिर | 32,200 येन (मे देखि नोभेम्बर) | डिसेम्बर 1 तारिख |

[अक्टोबर सम्ममा पनि छानबिनको नतिजा नआएका व्यक्ति]　तलको तालिका बमोजिम, एकमुष्ट तिर्न लगाउने छ।

| | | | |
|---|---|---|---|
| - | नोभेम्बरको बीच तिर | 32,200 येन (मे देखि नोभेम्बर) | डिसेम्बर 1 तारिख |

## 9　निम्न माध्यामिक विद्यालयको दिवा खाजाको बारेमा

### 9-1　निम्न माध्यामिक विद्यालयको दिवा खाजा

Web वा स्मार्टफोनबाट "निम्न माध्यामिक विद्यालयको दिवा खाजा अर्डर सिष्टम" मार्फत, दिवा खाजाको अर्डर गर्न मिल्छ। विद्यालय अध्ययन सहयोग स्वीकृत भएका व्यक्तिको हकमा, स्वीकृत भए पछि, अर्डर गरेको दिवा खाजा निःशुल्क हुने छ।
(पहिला देखि नै निम्न माध्यामिक विद्यालयको दिवा खाजा अर्डर एकाउन्ट भएमा, रजिष्टर गरेको ईमेल ठेगानामा, सूचना पठाइने छ। पहिलो पटक निम्न माध्यामिक विद्यालयको दिवा खाजा प्रयोग गर्ने व्यक्तिको हकमा, स्वीकृत भए पश्चात, विद्यालय मार्फत, निःशुल्क प्रयोग बारेको सूचना पठाइने छ। )

### 9-2　विद्यालय अध्ययन सहयोगको लागि निवेदन दिएर नतिजा पर्खिरहेको बेलाको निम्न माध्यामिक विद्यालयको दिवा खाजा खर्च

◆ गत आर्थिक वर्षको अन्त (आर्थिक वर्ष 2024 को अन्त) सम्म विद्यालय अध्ययन सहयोग पाइरहेको व्यक्ति
2025 साल जुलाई 31 तारिख सम्म निम्न माध्यामिक विद्यालयको दिवा खाजा निःशुल्क रुपमा उपभोग गर्न सकिन्छ। छानबिनको नतिजा, स्वीकृत भएको अवस्थमा, निरन्तर निःशुल्क रुपमा उपभोग गर्न सकिन्छ। अस्वीकृत भएको अवस्थामा, गर्मी बिदा, (नाचु यासुमि) समाप्त भए पछिको दिवा खाजा अर्डरबाट शुल्क तिरेर उपभोग गर्न सकिन्छ।
पुनश्च, विद्यालय अध्ययन सहयोगको लागि निवेदन, प्रारम्भिक निवेदन गर्न नभ्याएको व्यक्तिले पनि, गर्मी बिदा पछिको दिवा खाजा अर्डर गरेको समयबाट शुल्क तिरेर उपभोग गर्नु पर्ने हुन्छ।

◆ यस आर्थिक वर्ष (आर्थिक वर्ष 2025) पहिलो पटक निवेदन दिने व्यक्ति तथा गत आर्थिक वर्षको अन्त (आर्थिक वर्ष 2024 को अन्त) सम्ममा, विद्यालय अध्ययन सहयोग पाउने व्यक्तिमा नपरेको व्यक्ति
आर्थिक वर्ष 2025 को विद्यालय अध्ययन सहयोग पाउन स्वीकृत भए पछिबाट, निःशुल्क रुपमा प्रयोग गर्न पाउने छ।
(निःशुल्क प्रयोग गर्न पाउने व्यक्तिमा परे पछिबाट, आफैले अर्डर सिष्टममा रजिष्टर प्रक्रिया सकाए पछि, स्वतः निश्चित अवधिको अर्डर सुरु हुन्छ।)
छानबिनको नतिजा, अस्वीकृत भएमा, शुल्क तिरेर प्रयोग गर्नु पर्ने हुन्छ।

### 9-3　निवेदन पश्चात, कागजात नपुगे वा रिट नपुगेको कारणबाट नतिजा स्थगित भएको खण्डमा

◆ गत आर्थिक वर्षको अन्त (आर्थिक वर्ष 2024 को अन्त) सम्म विद्यालय अध्ययन सहयोग रकम पाइरेहको व्यक्ति
आर्थिक वर्ष 2025 को विद्यालय अध्ययन सहयोग रकमको नतिजा नआए सम्मको अवधि सम्म निःशुल्क रुपमा उपभोग गर्न सकिन्छ। छानबिनको नतिजा, स्वीकृत भएमा, निरन्तर निःशुल्क रुपमा प्रयोग गर्न पाउने हुन्छ। अस्वीकृत भएमा, छानबिन नजिताको सूचना दिएको मिति पश्चातबाट शुल्क लाग्ने हुन्छ।

◆ यस आर्थिक वर्ष (आर्थिक वर्ष 2025), पहिलो पटक निवेदन दिने व्यक्ति तथा गत आर्थिक वर्षमा निवेदन दिएको तर स्वीकृत नभएका व्यक्ति
स्थगनको अवधिमा शुल्क लाग्छ तर, विद्यालय अध्ययन सहयोग रकम स्वीकृत स्थगन सकिएर, स्वीकृत भएको खण्डमा, निःशुल्क प्रयोग गर्ने व्यक्तिमा पर्छ।
(निःशुल्क प्रयोग गर्न पाउने व्यक्तिमा परे पछिबाट, आफैले अर्डर सिष्टममा रजिष्टर प्रक्रिया सकाए पछि, स्वतः निश्चित अवधिको अर्डर सुरु हुन्छ।)

## 10 अन्य / ध्यान दिनु पर्ने कुराहरु

* बच्चाहरू धुक्क भएर विद्यालय गतिविधि गर्न सकोस् भन्नको लागि, निवेदनको विवरण तथा नतिजाको सूचनाको बारेमा, गोपनियतालाई राम्ररीसँग ख्याल गर्नुहोस्।
* विद्यालय अध्ययन सहयोगको लागि निवेदन दिए पश्चात्, **निवेदन विवरणमा कुनै संशोधन भएमा** (जन्म, विवाह जस्ता, परिवारको बनौटमा परिवर्तन भएको अवस्था आदि) **<u>सकभर छिटो विद्यालयलाई सो को जानकारी दिनुहोस्।</u>**
* वास्तविकता भन्दा फरक कारण देखाएर निवेदन दिने जस्ता, झूठो, बनावटी विवरण दिएर निवेदन दिएको कुरा पछि थाहा हुन गएमा, वा भुक्तानी गरेको विद्यालय अध्ययन सहयोग रकम जुनमा प्रयोग गर्नु पर्ने हो सो भन्दा फरक ठाउँमा प्रयोग गरेको कुरा प्रमाणित भएमा, स्वीकृतलाई बदर गरी, विद्यालय अध्ययन सहयोग रकम फिर्ता माग्न पनि सक्छ।

## 11 निवेदन फाराम भर्ने तरिका तथा ध्यान दिनु पर्ने कुराहरु

＊1 निवेदन फारामको माथिल्लो भाग, सहयोग रकम माग गर्ने अभिभावकले लेख्ने महल हो। निवेदन महलमा, विद्यालयको प्रिन्सिपललाई प्रशासनिक कार्य गर्नको लागि अधिकार प्रत्यायोजन, तथा शिक्षा समितिबाट आय आदिको जाँचबुझमा सहमति जनाउने कुरा पनि समाबेश हुने भएकोले, राम्रोसँग पढेर भर्नुहोस्।

＊2 माथिल्लो दायाँ पट्टी, विद्यार्थीको नाम लेख्नुहोस्। 1 जना विद्यार्थीको लागि एउटा फाराम भर्नु आवश्यक छ।

＊3 विद्यालय अध्ययन सहयोग प्रणालीको लागि निवेदन दिने बेलामा, विद्यार्थी र निवेदक बाहेक, अन्य परिवार सदस्यको अवस्था पनि लेख्नु आवश्यक छ।

परिवारको अवस्था महलमा भर्नु पर्ने परिवार सदस्य

- एउटै घरमा बस्ने व्यक्ति (निवासी दर्ता प्रमाणपत्र (ज्यूमिनह्योउ) मा फरक सदस्य भएता पनि लेख्नु पर्ने)
- काम विशेषले परिवारसँग नबसि अन्य ठाउँमा एक्लै बसेको तर घर खर्च एउटै भएको व्यक्ति
  (अभिभावकको अधिकार प्राप्त व्यक्ति अलग जीवनयापन गर्ने भए पनि, साधारणतया समावेश हुने।)
- टाढा बस्ने आफन्तको पालनपोषण (कर प्रमाणपत्र आदिमा आश्रित परिवारको सम्बन्ध पुष्टि हुने अवस्थामा मात्र)

यो सामाजिक सुरक्षा भत्ता सरहको प्रणाली भएकोले, एउटै घरमा बस्ने व्यक्ति वा घर खर्च एउटै भएको व्यक्तिलाई एउटै परिवारको व्यक्तिको रुपमा छानबिन गरिने छ।

＊4 रकम बुझ्ने तरिकाको बारेमा, अनुसूची 17 को ढाँचा 1 (रकम बुझ्ने निवेदन फाराम) मा सम्बन्धित बुँदाहरुमा ☑ ठीक चिन्ह लगाउनुहोस्। बैंक खातामा रकमान्तर गराउन इच्छुक व्यक्तिले, त्यसको तलको बैंक खाता रकमान्तर अनुरोध फाराम मार्फत बैंक खाताको विवरण पेश गर्नुहोस्। निवेदकको नाम र खातावालाको नाम एकै व्यक्तिको लेख्नुहोस्।

# (भर्ने तरिका)

ア विद्यालयमा पेश गर्ने साल महिना तारिख लेख्नुहोस्।

イ निवेदकले अनिवार्य रुपले आफ्नो पुरा नाम र थर लेखी, सहीछाप पनि लगाउनुहोस्।

ウ विद्यार्थीबाट हेर्दाको नाता सम्बन्ध लेख्नुहोस्। जस्तै, बुवा, आमा, दाजु दिदी, भाइ, बहिनी, हजुर आमा, हजुर बुबा आदि

オ अन्य पालिका कार्यालयबाट विद्यालय भर्नाको लागि तयारी खर्च लिइसकेको, वा निवेदन दिइरहेको प्राथमिक विद्यालयको कक्षा 1 का विद्यार्थी / निम्न माध्यमिक विद्यालय पहिलो वर्षको विद्यार्थी, ① को विद्यार्थी भए, ☑ठीक चिन्ह लगाउनुहोस्।

エ "शारीरिक अवस्था" महलमा, अपाङ्ग ह्याण्डबुक आदि भएको खण्डमा, " स्तो O श्रेणी" (अपाङ्ग श्रेणी O( व्यक्तिगत सहायता कक्षामा पढिरहेको भए, व्यक्तिगत कक्षा" पनि लेख्नुहोस्। अनि, अपाङ्ग पेन्सन लिइरहेको भए, "अपाङ्ग पेन्सन प्राप्त" लेख्नुहोस्।

カ निवेदनका कारणहरूको बारेमा, लागू हुने बुँदा 1－4 मध्ये कुनै एकमा ☑ ठीक चिन्ह लगाउनुहोस्। [निवेदनका कारण4] को बारेमा, थप लागू हुने बुँदाको जवाफ दिनुहोस्।

横浜市教育委員会教育長
私は、次の理由により就学援助を申請します。
なお、援助費の請求・受領・戻入・充当・復委任に関することは校長に委任します。
また、教育委員会による私の所得等の確認について同意します。(※)
令和 7 年 4 月 10 日 ア　　申請者氏名欄に必ず押印して下さい。

② 申請者（保護者）
- フリガナ
- 氏名：∑û ώ℘ ρ ≠ሸ イ ㊞（横浜）
- 児童生徒との続柄：¥₽ρ ウ
- 現住所：横浜市　±µ̈ ρ　区　øú±,Ï∑ú 6 Ï∑ß∂€50 ¥ρ£ς±ú 10
- 電話番号：○○○(×××)△△△△
- 生年月日：☑昭和 ☐平成 ☐西暦　55 年 10 月 2 日
- 職業：û ∂ ₤ሸ
- 障害等級・障害年金受給状況等：エ

① 児童生徒
- 学校名：∂±≠ú∂ρ£ 小・㊥学校　1 年 1 組
- フリガナ
- 氏名：∑û ώ℘ ρ ÿ ∏þ
- 生年月日：☐平成 ☑西暦 2012 年 12 月 12 日
- 個別級在籍・障害等級・障害年金受給状況等：∑Á≠†≠ û¿ρ

※所得等の確認は、ご本人の同意に基づいて行います。申請者の方が確認に同意されない場合は、申請文にある「また、教育・・・同意します」の部分を二重線で削除してください。

**世帯状況：上記「①児童生徒」「②申請者(保護者)」以外の世帯員全員（記入日現在）を記入してください。**
（祖父母、同居人等の同一住所の方についても忘れずに記入してください。）

| | 世帯員氏名（上記児童生徒・申請者以外） | 児童生徒との続柄 | 所得等の確認について（18 歳以上の方のみ） | 生年月日 | 個別級在籍・障害等級・障害年金受給状況等 | 職業及び在学校名 |
|---|---|---|---|---|---|---|
| ③ | ∑û ώ℘ ρ ø±µ̈ ú ウ | z | 同意する場合は本人の印または署名（フルネーム）㊞ ∑û ώ℘ ρ ø±µ̈ ú | ☐大正 ☑昭和 ☐平成 ☐令和 ☐西暦 58. 6 .10 | エ | ≤ρ®ρ∂ |
| ④ | ∑û ώ℘ ρ{£∏þ | Øᵨ ſ | 同意する場合は本人の印または署名（フルネーム）㊞ (　) | ☐大正 ☐昭和 ☐平成 ☐令和 ☑西暦 2010. 4 .20 | B2 | ∂±≠ú∂ρ£ ¥∂ρ¥ 2 û¿ρ |
| ⑤ | æ©ü±ρ( üρ ñ | ø• ∏ ¥₽ρ | 同意する場合は本人の印または署名（フルネーム）㊞（関内）(　) | ☐大正 ☑昭和 ☐平成 ☐令和 ☐西暦 26. 11 . 16 | ð∑ú 3 Á∑å | § $ |
| ⑥ | | | 同意する場合は本人の印または署名（フルネーム）㊞ (　) | ☐大正 ☐昭和 ☐平成 ☐令和 ☐西暦 . . | | |
| ⑦ | | | 同意する場合は本人の印または署名（フルネーム）㊞ (　) | ☐大正 ☐昭和 ☐平成 ☐令和 ☐西暦 . . | | |
| ⑧ | | | 同意する場合は本人の印または署名（フルネーム）㊞ (　) | ☐大正 ☐昭和 ☐平成 ☐令和 ☐西暦 . . | | |

上記世帯員のうち、申請者と異なる住所の方がいる場合、その方の氏名及び住所をお書きください。

添付書類がある場合は☑をしてください　☑
例　所得を証明する書類など

◎ **小学校 1 年生・中学校 1 年生**で下記に該当する方のみ☑をしてください。 オ
☑ 他都市において、受給・申請を含む入学準備費に関する手続きを、申請日現在、申請児童生徒本人について行っている
※兄弟姉妹の受給・申請ではありません。

◎ **全員ご記入・ご回答ください**（該当する項目に☑をしてください）
【該当理由】 カ
- ☐ ①現在、生活保護を受けている【理由 1】
- ☐ ②令和 6 年 4 月以降、生活保護が停止または廃止になった【理由 2】
- ☐ ③児童扶養手当を受給または申請中である【理由 3】
  ※児童手当・特別児童扶養手当のことではありません
- ☑ ④その他経済的に困っている【理由 4】 → 下記の該当する項目に☑をしてください

☐ ひとり親家庭だが児童扶養手当を受給できない ⇨ （☐基準を超える所得がある　☐遺族年金受給　☐同居者がいる）

その他：☐離職 / ☐死別 / ☐離婚 （　年　月）←日付を記入してください
- ☑ 高額な医療費がかかる
- ☐ 扶養家族が多く、経済的に困難である
- ☐ 職業が不安定なため経済的に困難
- ☐ 収入が減少した・少ないため
- ☐ 病気や家庭の事情で思うように働けない
- ☐ その他（　）

## 12 धेरै सोधिने प्रश्नहरू

Q1 दाजुभाइ दिदी बहिनीहरू छन्, हरेकले छुट्टा छुट्टै निवेदन दिनु आवश्यक छ?

A1 आवश्यक छ। 1 जनाको लागि एउटा फाराम हुने भएकोले, हरेकले छट्टा छुट्टै फाराम भर्नु हुन अनुरोध छ।

Q2 निवेदन फाराममा क-कसको नाम लेख्नु पर्छ?

A2 एउटै घरमा बस्ने व्यक्ति वा घर खर्च एउटै भएको व्यक्तिलाई एउटै परिवारको व्यक्तिको रुपमा छानबिन गरिने भएकोले, सबैको नाम लेख्नुहोस्। (यो सामाजिक सुरक्षा सरहको प्रणाली भएकोले)

- एउटै घरमा बस्ने व्यक्तिहरु (निवासी दर्ता प्रमाणपत्र (ज्यूमिनह्योउ) मा फरक परिवारको रुपमा दर्ता भएको व्यक्तिमा लेख्नु पर्ने)
- काम विशेषले अलग बसिरहेको तर, जीविकोपार्जन खर्चको हिसाबले एउटै ठाँमा भएको व्यक्ति (अभिभावकको अधिकार प्राप्त व्यक्ति अलग जीवनयापन गर्ने भए पनि, साधारणतया समावेश हुने। )
- टाढा बस्ने आफन्तको पालनपोषण गरिरहेको परिवार (कर प्रमाणपत्र आदिमा आश्रित परिवारको सम्बन्ध पुष्टि हुने भएमा मात्र)

Q3 कहिलेको आयको आधारमा छानबिन गर्छ?

A3 2024 साल जनवरी देखि डिसेम्बर सम्मको परिवारको कूल आयको आधारमा छानबिन गरिन्छ। यद्यपि, अचानक घरायसी आर्थिक अवस्था नाजुक भएको कारणबाट 2025 सालको आयको आधारमा विद्यालय अध्ययन सहयोगको लागि निवेदन दिन चाहने व्यक्तिले, 2026 साल जनवरी देखि फेब्रुअरीको मसान्त सम्ममा 2025 सालको अग्रिम कर कटौती स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) वा स्व-कर घोषणा-पत्र (खाकुतेइ सिन्कोकु-स्यो) को फोटोकपी संलग्न गरि निवेदन दिन सक्नु हुन्छ।

Q4 गत वर्षको कूल आय, मापदण्ड रकम भन्दा कम छ वा छैन भन्ने कुरा थाहा छैन तर निवेदन

A4 गत वर्षको कूल आय, अग्रिम कर कटौती स्लिप (गेनसेन च्योउस्यू-ह्योउ) को "पारिश्रमिक आयबाट कटौती गर्न मिल्ने रकम कट्टा पछिको रकम" तथा स्व-कर घोषणा-पत्र (खाकुतेइ सिन्कोकु-स्यो) को 1 नम्बर फारामको आय रकमको "कूल रकम महल" आदिमा उल्लेखित रकम हो। ती कागजात हेर्नुहोस्। पुनश्च, परिवार सदस्य सबैको आयको मापदण्ड भित्र पर्छ वा पर्दैन भन्ने कुराको द्विविधा भएमा, पहिला निवेदन दिएर हेर्नुहोस्।

Q5 सुरुको भुक्तानी कहिले पाउँछ?

A5 आर्थिक वर्षको प्रारम्भिक निवेदन (विद्यालय अनुसार बुझाउने म्याद फरक हुने) पेश गरेको खण्डमा, जुलाईको अन्त तिर भुक्तानी गर्ने योजना छ। यद्यपि शैक्षिक भ्रमण तथा बास बस्नु पर्ने विद्यालय बाहिरको गतिविधि आदिको बास्तविक खर्चबाट हिसाव गर्नु पर्ने चाहिँ, उक्त गतिविधि कार्यान्वयन भएको केही महिना पछि मात्र भुक्तानी हुने छ।

Q6 विद्यालय अध्ययन सहयोग रकम लिइरहेको कुरा अन्य परिवारलाई थाहा दिइन्छ कि?

A6 विद्यालय अध्ययन सहयोग प्रणालीको बारेमा, अन्य परिवारलाई थाहा नहुने गरी प्रक्रिया चालिने र अन्य विद्यार्थीले थाहा नपाउन भन्ने उदेश्यले होसियारी पूर्वक काम गरिरहेको छ।

## 13 सम्पर्क ठेगाना

बच्चा पढ्ने विद्यालय (इन्चार्ज प्रत्येक विद्यालयको विद्यालय प्रशासनका कर्मचारी)

वा , योकोहामा नगर शिक्षा समिति

| | | |
|---|---|---|
| निवेदन प्रक्रिया आदि प्रणाली सबैको बारेमा | विद्यालय सहयोग / स्थानीय सहयोग शाखा विद्यालय अध्ययन फाँट | फोन 671-3270 |
| "प्राविको विद्यालय दिवा खाजा खर्च" को बारेमा | स्वास्थ्य शिक्षा / खाना शिक्षा शाखा, दिवा खाजा फाँट | फोन 671-3696 |
| "निमाविको विद्यालय दिवा खाजा खर्च" को बारेमा | स्वास्थ्य शिक्षा / खाना शिक्षा शाखा, दिवा खाजा फाँट | फोन 671-4635 |
| "विद्यालय रोग चिकित्सा खर्च" जापान स्पोर्टस काउन्सिलको अभिभावकले व्यहोर्ने रकम" को बारेमा | स्वास्थ्य शिक्षा / खाना शिक्षा शाखा, स्वास्थ्य फाँट | फोन 671-3275 |

# आर्थिक वर्ष 2025 विद्यालय अध्ययन सहयोग रकमको निवेदन फाराम

निवेदन दर्ता नम्बर

अर्को पृष्ठको भर्ने तरिका हेरी, मोटो लाईन भित्र भर्नुहोस्। अनि, छनौट गर्ने प्रश्नको बेला, मिल्नेमा ठीक ☑ चिन्ह राख्नुहोस्।

योकोहामा नगर शिक्षा समिति प्रमूख ज्यू
म, देहायका कारणहरुबाट विद्यालय अध्ययन सहयोग रकमको लागि निवेदन दिन्छु।
पुनश्च, सहयोग रकम माग, प्राप्ति, फिर्ता, सोधभर्ना, अरूलाई अधिकार प्रत्यायोजन गर्ने सँग सम्बन्धित कार्यको लागि विद्यालय प्रिन्सिपललाई अधिकार प्रत्यायोजन गर्दछु।
साथै, शिक्षा समितिबाट हुने, मेरो आय आदि जाँचबुझमा सहमति जनाउँछु। (※)

रेइवा　　साल　　महिना　　तारिख

निवेदकको महलमा अनिवार्य रुपले सहीछाप लगाउनुहोस्।

① विद्यार्थीको

| | |
|---|---|
| विद्यालयको नाम | प्रा. विद्यालय<br>नि.मा विद्यालय<br>कक्षा　　वर्ग |
| फुरिगाना | |
| नाम | |
| जन्म मिति | ☐ हेइसेइ　साल　महिना　तारिख<br>☐ इस्वी सम्बत |
| व्यक्तिगत सहयोग कक्षामा अध्ययनरत<br>अपाङ्गताको श्रेणी<br>अपाङ्ग पेन्सन प्राप्ति अवस्था आदि | |

② निवेदक (अभिभावक)

| | | | |
|---|---|---|---|
| फुरिगाना | | छाप | विद्यार्थीसँगको नाता |
| नाम | | | |
| हालको ठेगाना योकोहामा-सी　　कु | | | |
| फोन नम्बर | | जन्म मिति ☐ स्योउवा ☐ हेइसेइ ☐ इस्वी सम्बत　साल　महिना　तारिख | पेशा |
| अपाङ्गताको श्रेणी / अपाङ्ग पेन्सन प्राप्ति अवस्था आदि | | | |

※आय आदिको जाँचबुझ सम्बन्धित व्यक्तिबाट सहमति लिएको आधारमा गरिने छ। निवेदकले जाँचबुझ गर्न सहमति नदिने भए निवेदन फाराममा भएको "वा शिक्षा . . . मा सहमत छु" भनि लेखेको वाक्यलाई दुई धर्को तानेर काट्नुहोस्।

**परिवारको अवस्था : माथि उल्लेखित "① विद्यार्थी", "② निवेदक" बाहेक अन्य परिवार सदस्य सबै जना (फाराम भर्ने दिनको अवस्था) लेख्नुहोस्।**
(हजुर बुबा-आमा, अनि एउटै घरमा बस्ने जस्ता एउटै ठेगानाको व्यक्तिको बारेमा पनि नबिर्सिकन लेख्ने गर्नुहोस्।)

| | परिवार सदस्यको नाम (माथि उल्लेखित विद्यार्थी र निवेदक बाहेकको) | विद्यार्थीसँगको नाता सम्बन्ध | आय आदिको जाँचबुझको बारेमा (18 वर्ष भन्दा माथिको व्यक्ति मात्र) | जन्म मिति | व्यक्तिगत सहयोग कक्षामा अध्ययनरत / अपाङ्गताको श्रेणी / अपाङ्ग पेन्सन प्राप्ती अवस्था आदि | पेशा तथा अध्ययनरत विद्यालयको नाम |
|---|---|---|---|---|---|---|
| ③ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |
| ④ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |
| ⑤ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |
| ⑥ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |
| ⑦ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |
| ⑧ | | | सहमति जनाउने व्यक्तिको सहीछाप वा हस्ताक्षर (पुरा नाम र थर)<br>छाप ( ) | ☐ताइस्यो ☐स्योउवा ☐हेइसेइ ☐रेइवा ☐इस्वी सम्वत<br>. . | | |

माथि उल्लेखित परिवार सदस्य मध्ये निवेदकको भन्दा फरक ठेगानामा बस्ने परिवार सदस्य भएको बेलामा सो व्यक्तिको नाम र ठेगाना लेख्नुहोस्।

संलग्न कागजात भएको बेलामा ☑ठीक चिन्ह राख्नुहोस्। ☐
जस्तै　आय प्रमाणित गर्ने कागजात आदि

◎ **प्राथमिक विद्यालय कक्षा 1 को विद्यार्थी / निमाबि पहिलो वर्षको विद्यार्थी**को हकमा, तलको बुँदामा पर्ने व्यक्तिले मात्र ☑ ठीक चिन्ह लगाउनुहोस्।

☐ अन्य पालिकाबाट सहयोग प्राप्ति / निवेदन दिएको सहित विद्यालय भर्ना तयारी खर्चसँग सम्बन्धित प्रक्रियाको बारेमा निवेदन दिएको मितिको अवस्थामा निवेदन दिने विद्यार्थीको प्रक्रिया चाल्दै आएको।
※दाजुभाइ दिदी-बहिनीले प्राप्त गरेको वा निवेदन दिएको कुरा चाहीँ होइन।

◎ **परिवार सदस्य सबैले भर्ने / जवाफ दिनुहोस्।** (लागू हुने बुँदामा ☑ ठीक चिन्ह लगाउनुहोस्)

[लागू हुने कारण]

☐ ①हाल, सामाजिक सुरक्षा भत्ता लिइरहेको 【कारण 1】

☐ ②2024 साल अप्रिल पश्चात्। सामाजिक सुरक्षा भत्ता रोक्का वा बन्द भएको 【कारण 2】

☐ ③बालबालिका **पालनपोषण** भत्ता लिइरहेको वा निवेदन दिइरहेको 【कारण 3】
※बालबालिका भत्ता / विशेष बालबालिका भत्ताको कुरा होइन

☐ ④अन्य आर्थिक रुपमा समस्या भइरहेको 【कारण 4】 → तलको लागू हुने बुँदामा ☑ ठीक चिन्ह लगाउनुहोस्।

☐ एकल अभिभावक परिवार हो तर बालबालिका पालनपोषण भत्ता प्राप्त गर्न नसक्ने (☐ मापदण्ड भन्दा बढी आय भएको　☐ पारिवारिक पेन्सन (इजोकु नेन्किन) लिइरहेको　☐ घरमा सँगै बस्ने व्यक्ति छ)

अन्य : ☐काम छोडेको / ☐मृत्यु / ☐सम्बन्ध बिच्छेद (　साल　महिना) मिति लेख्नुहोस्

☐ धेरै चिकित्सा उपचार खर्च लाग्ने　☐ आश्रित परिवारको संख्या धेरै, आर्थिक रुपमा कठिन　☐काम अनिश्चित भएकोले, आर्थिक रुपमा कठिन

☐ आम्दानी घटेको / थौरै भएकोले　☐ बिरामी तथा घरको अवस्थाको कारण सोचे अनुसारको काम गर्न नसक्ने　☐ अन्य (　)

| विद्यालय , शिक्षा समितिले लेख्ने महल | विद्यालयले भर्नुहोस् (अभिभावकले नभर्नुहोस्) |
|---|---|

◎ यो निवेदन फाराममा लेखेको विवरणको बारेमा, विद्यालय अध्ययन सहयोग कार्यालयले मात्र प्रयोग गरिने छ, गोपनीयताको कुरालाई होसियारी पूर्वक व्यवस्थापन गरिने छ।
◎ यो फारामलाई मेसिनले रिड गरिने छ। रिड गर्न नसकेको अवस्थामा, भुक्तानी ढिला हुन जान पनि सक्छ त्यसकारण सफासँग लेख्नुहोस्।

एउटै विद्यालयमा 2 वा सो भन्दा बढी बच्चा भएको बेलामा, एउटा मात्र पेश गर्नुहोस्।

रेइवा साल महिना तारिख

निवेदक (अभिभवाक)

पोष्टल कोड नम्बर □□□-□□□□

ठेगाना योकोहामा-सी कु

नाम

# विद्यालय अध्ययन सहयोग रकम प्राप्तको लागि निवेदन (तथा बैंक खातामा रकमान्तरको लागि अनुरोध फाराम)

विद्यालय अध्ययन सहयोग रकम प्राप्तिको बारेमा, साधारणतया बैंक खातामा रकमान्तर गरिने छ। निम्न कुराहरू भर्नुहोस्।

योकोहामा नगरपालिकाद्वारा संचालित विद्यालयको प्रिन्सिपल

देहायको बैंक खातामा रकमान्तर गरिदिनु हुन अनुरोध छ।

| | | | | | |
|---|---|---|---|---|---|
| रकमान्तर गर्ने वित्तीय संस्थाको नाम | बैंक<br>किन्को | | | | शाखा |
| खाता नम्बर | बचत / चल्ती | | | ※खाता नम्बर दायाँबाट लेख्नुहोस्। | |
| वित्तीय संस्थाको कोड | | शाखाको कोड | | | |
| फुरिगाना | | | | | |
| खातावालाको नाम (निवेदक) | | | | | |

(नोट) 1 वित्तीय संस्थाको खाता, **निवेदन फाराममा उल्लेख भएको निवेदक (अभिभावक) को खाता मात्र मान्य हुने छ।** बच्चाको खातामा रकमान्तर गर्न मिल्दैन।

2 **रकमान्तर गर्ने बैंक खाताको विवरण गल्ती लेखेको खण्डमा, विद्यालय अध्ययन सहयोग रकमको भुक्तानी प्रक्रियासँग सम्बन्धित, बैंकमा रकमान्तर फिर्ता, सच्याउने, पुनः रकमान्तर आदिमा लाग्ने शुल्क व्यहोर्न लगाउन पनि सक्ने भएकोले, राम्रोसँग सावधानी अपनाउनुहोस्।**。

3 वित्तीय संस्था (शाखा) को नाम, वित्तीय संस्था (शाखा) को कोड / खाता नम्बर लेख्ने बेलामा, अनिवार्य रुपले बैंक पासबुक हेरी लेख्नुहोस्।

4 खातावालाको नामको फुरिगाना, अवश्य लेख्नुहोस्।

5 यूच्यो बैंक भए, खाता नम्बरमा "रकमान्तर प्रयोजनको खाता नम्बर" लेख्नुहोस्।

निवेदन दिने बच्चाको कक्षा, वर्ग, नाम लेख्नुहोस्।

| | | | |
|---|---|---|---|
| कक्षा वर्ग | नाम | कक्षा वर्ग | नाम |
| कक्षा वर्ग | नाम | कक्षा वर्ग | नाम |

- यस आर्थिक वर्षमा अहिले सम्म स्वीकृत भएको छैन तर, निर्णय हुना साथ तुरुन्तै रकमान्तर प्रक्रिया चाल्नको लागि, फेरी पनि यो कागजात पेश गर्नु हुन अनुरोध छ। स्वीकृत नभएको खण्डमा, यो पत्रलाई नष्ट गरिने छ।
- आर्थिक वर्षको बीचमा, खाताको विवरण आदि परिवर्तन भएको अवस्थामा, तुरुन्तै विद्यालयलाई जानकारी दिनुहोस्।
- विद्यालयलाई तिर्नु पर्ने रकम बक्यौता भएको बेलामा, सहयोग रकमबाट बक्यौता रकम कट्टा गर्ने (बक्यौता रकम असुल) गर्न पनि सक्छ।
- प्राथमिक विद्यालयको दिवा खाजा खर्चको बारेमा, स्वीकृत भए पश्चात्, विद्यालय अध्ययन सहयोग रकमबाट सिधैं रकमान्तर गरिने भएकोले, बैंक खाताबाट रकम निकाल्ने कार्य बन्द हुन्छ। पहिला नै रकम निकालिएको भए, उक्त रकम जुन खाताबाट निकालिएको हो त्यही नै खातामा फिर्ता दिइने छ।

※ सके सम्म नगदको कारोबारलाई सिमित गर्नको लागि, सम्भव भए सम्म बैंक खातामा रकमान्तरको व्यवस्था गरि सहयोग गर्नु हुन अनुरोध छ।

※ बैंक खाता नभएको आदि कारणबाट बैंक खाता रकमान्तर बाहेक अन्यबाट लिन चाहेको बेलामा, तल ☑ठीक चिन्ह राख्नुहोस्।

☐ नगद प्राप्त गर्ने (विद्यालयले तोकेको मिति, समयमा विद्यालयमा आएर, बुझेर लिनुहोस्।)